नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
**(...अनुसन्धान तथा गुणस्तर सुधार शाखा...)**

सानोठिमी, भक्तपुर

पत्र संख्याः २०७७।०७८
मितिः २०७७।०९।२३

च. नं. १४

विषयः समन्वय समिति गठन सम्वन्धमा ।

**श्री शिक्षा विकास तथा समन्वय इकाइ**
ताप्लेजुङ, धनुषा, रसुवा, तनहुँ, खोटाङ, म्याग्दी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), दैलेख, अछाम, महोत्तरी, सर्लाही, सिन्धुपाल्चोक, रौतहट, कपिलवस्तु, भोजपुर, सिराहा, सिन्धुली, बारा, बागलुङ, रोल्पा, सल्यान, डोटी ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (तथ्याङ्क, नीति तथा अनुसन्धान शाखा) को च.नं. ५३ मिति २०७७।०९।१२ को प्राप्त पत्रानुसार राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (National Early Grade Reading Program-Minimun Package) कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने मिति २०७७।०८।१२ गते बसेको प्रारम्भिक कक्षा पढाइ कार्यक्रम निर्देशक समिति (NEGRP Steering Committee) को बैठकको निर्णय अनुसार शिक्षा विकास तथा समन्वय इकाइको नेतृत्वमा तपशील बमोजिम राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (NEGRP) जिल्ला समन्वय समिति गठन गर्ने भनी निर्णय भएको हुँदा समिति गठन गरी सोको जानकारी यस केन्द्रमा दिनुहुन निर्देशानुसार अनुरोध छ ।साथै बैठकको निर्णय प्रतिलिपी समेत यसैसाथ सम्लग्न रहेको छ ।

**तपशील**

**समन्वय समितिका पदाधिकारीहरुः**

| | |
|---|---|
| संयोजक | प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइ |
| सदस्य | संघ संस्थासँग समन्वय गर्ने अधिकृत वा अधिकृत नभएको जिल्लामा प्राविधिक सहायक एक जना - शिक्षा विकास तथा समन्वय इकाइ |
| सदस्य | शिक्षक महासंघ प्रतिनिधि एकजना |
| सदस्य | गैसस महासंघ प्रतिनिधि एकजना |
| सदस्य | जिल्ला पत्रकार महासंघ प्रतिनिधि एकजना |
| सदस्य | विद्यालय व्यवस्थापन समिति प्रतिनिधि (राप्राकपका जिल्ला समन्वय समितिबाट मनोनित) एकजना |
| सदस्य | अभिभावक संघ प्रतिनिधि एकजना |
| सदस्य | शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखबाट मनोनित विषयविज्ञ एकजना |
| सदस्य | स्थानीय तहको शिक्षा हेर्ने अधिकारी (राप्राकपका-जिल्ला समन्वय समितिबाट मनोनित बढीमा २ जना) |
| सदस्य सचिव | शिविसइको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका सम्पर्क व्यक्ति |

२०७७।९।२३

रामप्रसाद शर्मा
शाखा अधिकृत

**निर्णय नं. १:** राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयनको सन्दर्भमा आ.व. २०७६/७७ मा स्वीकृत वार्षिक कार्यक्रमअनुसार २०७७ आषाढ मसान्तसम्मको G2G तर्फको वार्षिक बजेट तथा कार्यक्रम र प्रारम्भिक कक्षा पढाइ कार्यक्रमतर्फ अक्टोबर २०२० सम्मको बजेट तथा कार्यक्रम सम्बन्धी प्रगतिको प्रस्तुतीकरण र समीक्षा गरियो ।

**निर्णय नं. २:** चालु आ.व.२०७७/०७८(सन् २०२०/२१)का लागि प्रारम्भिक कक्षा पढाइ कार्यक्रम दोस्रोको वार्षिक कार्ययोजना (Annual Work Plan/AWP) तथा बजेट EGRP Team बाट प्रस्तुतीकरण तथा छलफल गरियो ।

**निर्णय नं. ३:** राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागू भएका १६ जिल्लाहरुमा शिक्षा विकास तथा समन्वय इकाइको नेतृत्वमा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम समन्वय समिति रहने व्यवस्था भएकोमा कार्यक्रम विस्तार भएका थप २२ जिल्लाहरुमा समेत उक्त कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने तपसिल बमोजिम राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम(NEGRP) जिल्ला समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक - प्रमुख,शिक्षा विकास तथा समन्वय इकाइ
२. सदस्य - संघ संस्थासँग समन्वय गर्ने अधिकृत वा अधिकृत नभएको जिल्लामा प्राविधिक सहायक एक जना, शिक्षा विकास तथा समन्वय इकाइ
३. सदस्य - शिक्षक महासंघ, प्रतिनिधि एक जना
४. सदस्य - गै.स.स. महासंघ, प्रतिनिधि एक जना
५. सदस्य - जिल्ला पत्रकार महासंघ, प्रतिनिधि एक जना
६. सदस्य - विद्यालय व्यवस्थापन समिति, प्रतिनिधि (राप्राकपका- जिल्ला समन्वय समितिबाट मनोनित) एक जना
७. सदस्य - अभिभावक संघ, प्रतिनिधि एक जना
८. सदस्य - शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखबाट मनोनित विषयविज्ञ एक जना
९. सदस्य - स्थानीय तहको शिक्षा हेर्ने अधिकारी (राप्राकपका- जिल्ला समन्वय समितिबाट मनोनित बढीमा २ जना)
१०. सदस्य-सचिव - शिविसइको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका सम्पर्क व्यक्ति

**निर्णय नं. ४:** विद्यमान पढाइसम्बन्धी मानक (Benchmark) पुनरावलोकन तथा परिमार्जन गर्ने एक कार्यदलको गठन गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रमार्फत प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५:** राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयनको पाँच वर्ष अवधिमा हासिल भएका मुख्यमुख्य उपलब्धिहरू सरोकारवालाहरूमा प्रबोधीकरण गर्न गत अक्टोबर १३-१५ सम्म केन्द्रस्तरमा आयोजना गरिएको Learning Sharing Event को संक्षिप्त विवरण प्राप्त भयो ।

**निर्णय नं. ६:** COVID 19 का कारण लामो समयसम्म विद्यालयबन्द रहेका कारण विद्यार्थीहरुको सिकाइ अवरुद्ध भएको हुँदा विद्यालय बन्द रहेको अवस्थामा पनि विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिन प्रदेश नं २ का ८ ओटा जिल्लाअन्तर्गतका छनोट भएका १६ ओटा स्थानीय तहका विद्यालयहरू अन्तर्गत क्लष्टरमार्फत Community/Home Schooling कार्यक्रमसम्बन्धी प्रस्तुत तथा छलफल गरियो।

**निर्णय नं. ७:** राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अन्तिम प्रभाव मूल्याङ्कनको नतिजा प्रदेश तथा स्थानीय तहका सरोकारवालाहरू समक्ष प्रवोधीकरण गर्ने निर्णय गरियो।